# अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड
## Aviyan Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट “घ” बर्गको ईजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था

केन्द्रीय कार्यालय, पनौती-४, काभ्रे, फोन नं.: ०११-४४१०२७, ४४१०२८

E-mail : aviyanlaghu@gmail.com, Website : www.aviyanlaghubitta.com


# Quarterly Financial Statement
# At the quarter ended Poush, 2079

(Rs. in ‘000)

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2226892.50** | **2349474.84** | **2226964.55** |
| 1.1 | Paid-up Capital | 250000.00 | 250000.00 | 152500.00 |
| 1.2 | Reserves and Surplus | 49769.31 | 34616.97 | 22060.29 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 1538954.60 | 1650370.41 | 1730430.05 |
| 1.5 | Deposits (a+b) | **302183.23** | **321714.75** | **246294.94** |
| | a. Domestic Currency | 302183.23 | 321714.75 | 246294.94 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 7227.85 | 820.56 | 5954.01 |
| 1.7 | Other Liabilities | 78757.51 | 91952.15 | 69725.26 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2226892.50** | **2349474.84** | **2226964.55** |
| 2.1 | Cash & Bank Balance | 69037.38 | 131169.61 | 181854.45 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | | | |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **2076271.93** | **2134646.41** | **1999028.96** |
| | a. Real Estate Loan | | | |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | | | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | 2076271.93 | 2134646.41 | 1999028.96 |
| 2.5 | Fixed Assets | 22380.15 | 20835.29 | 21496.29 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 59203.04 | 62823.53 | 24584.85 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 155144.04 | 71481.83 | 124205.69 |
| 3.2 | Interest Expense | 111085.86 | 52485.55 | 69816.19 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **44058.18** | **18996.28** | **54389.49** |
| 3.3 | Fees Commission and Discount | | | |
| 3.4 | Other Operating Income | 18987.02 | 9766.09 | 19508.06 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **63045.20** | **28762.36** | **73897.55** |
| 3.6 | Staff Expenses | 37137.51 | 20816.23 | 30831.09 |
| 3.7 | Other Operating Expenses | 19815.82 | 13687.23 | 13187.32 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **6091.86** | **-5741.10** | **29879.15** |
| 3.8 | Provision for Possible Loss | | 11319.18 | 7827.24 |
| **D** | **Operating profit (C-3.8)** | **6091.86** | **-17060.28** | **22051.91** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 17561.30 | 17561.30 | |
| 3.10 | Write Back of Provision for Possible Loss | 925.53 | | |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **24578.69** | **501.02** | **22051.91** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **24578.69** | **501.02** | **22051.91** |
| 3.12 | Provision For Staff Bonus | 2457.87 | 50.10 | 2205.19 |
| 3.13 | Provision For Tax | 6636.25 | 135.28 | 5954.01 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **15484.57** | **315.64** | **13892.70** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 14.33% | 13.25% | 9.16% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 3.53% | 4.91% | 2.73% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 41.32% | 40.62% | 64.19% |
| 4.4 | Cost of Funds | 15.16% | 11.12% | 8.88% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 687.09% | 663.52% | 811.64% |

**Note:** If the statutory audit and supervisory authority notify any remarks for change, the unaudited financial statement will change accordingly.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०७९/२०८० को दोस्रो त्रैमासिक विवरण

१. **प्रमुख वित्तीय विवरण :**

**क) त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान हिसाब सम्बन्धी विवरण** : यस वित्तीय संस्थाको आ.व ०७९/०८० को दोस्रो त्रैमासिक अवधिको अपरिष्कृत (unaudited) वासलात तथा नाफा-नोक्सान सम्बन्धी विवरण यसैसाथ प्रकाशित गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरू :**

| प्रति शेयर आम्दानी (वार्षिक) | मूल्य आम्दानी अनुपात (गुणा) | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १२.३८ | ६०.३३ | ११९.५१ | ८९०.७५ | ४३.५८ |

२. **व्यवस्थापकीय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण** : चालु आ.व. २०७९/०८० को दोस्रो त्रैमास अवधिका वित्तीय कारोबारहरु प्रक्षेपण गरिएको व्यवसायिक योजना अनुरुप नै रहेको छ । वित्तीय कारोबारहरुमा केही क्रमिक सुधार भई बैंकको मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक रुपमा बृद्धि भएको छ ।

**ख) व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले शुरु देखि नै वित्तीय पहुंच अभिबृद्धि गराई नेपालको गरिबी घटाउने, जीवनस्तरमा गुणस्तरयुक्त परिवर्तनका साथै लघु उद्यमशिलताको विकास गर्ने उद्देश्यले नेपाल भरि नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडि बढिरहेको छ । हाल २१ वटा जिल्लाहरुमा ६० वटा शाखा कार्यालय अन्तर्गत २९,८७३ जना सदस्यहरु लघुवित्तमा आवद्ध रहेका छन्, संस्थाले सदस्यहरुको क्षमता अभिबृद्धि, उद्यमशिलता विकास र व्यवसाय बिस्तार गर्न व्यवसायिक साक्षरता तथा शीप बिकास तालिम प्रदान गर्ने कार्यक्रमहरु गर्दै आईरहेको छ । अगामी अवधिमा प्रभावकारी रुपमा व्यवसायिक उपलब्धि हासिल गर्नका लागि संस्था प्रयत्नशील रहेको छ । पूँजीको आधार बलियो बनाई थप संस्थागत विकास र व्यवसायिक प्रगति हासिल गर्न उपयुक्त लघुवित्त वित्तीय संस्थासंग समन्वय गरी मर्जर तथा एक्विजिशन गर्ने कार्यलाई निरन्तरता दिने समेत संस्थाको आगामी योजना रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक बिवरण** : हालको परिस्थितिमा सम्पूर्ण बैंकिङ प्रणाली नै तरलता अभावका माझ जुधिरहेको रहेको अवस्थामा समीक्षा अवधिमा वित्तीय संस्थाको कोषको लागत बढ्न गई नाफा र वित्तीय स्रोत परिचालनमा प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ । यस अवधिमा कर्जा विस्तार बचत संकलन तथा नाफामा अपेक्षित नतिजा प्राप्त भएको छैन । पछिल्लो समयमा एकै कार्य क्षेत्रमा बहुसंख्यक लघुवित्त सेवा प्रदायकहरुको उपस्थितिले सदस्यहरु बिच कर्जाको दोहोरोपना बढ्न सक्ने जोखिमलाई न्युनिकरण गरी कर्जाको गुणस्तर कायम राख्नेमा व्यवस्थापन विश्वस्त छ। वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा कुनै पनि नकारात्मक असर परेको छैन। यस उपर वित्तीय संस्था सदैव सचेत रहेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

**क**) दोस्रो त्रैमासिक अवधिमा संस्थाले कसै विरुद्ध मुद्धा दायर गरेको छैन र संस्था विरुद्धमा मुद्धा दायर भएको कुनै सूचना जानकारी प्राप्त भएको छैन ॥

**ख**) वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

**ग**) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विष्लेषण:**

**क**) यस संस्थाको शेयर कारोबारको अवस्था, दोस्रो बजारसंग सकारात्मक रहेको छ ।

**ख**) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार मिति २०७९/०७/०१ देखी २०७९/०९/३० सम्मको अवधिमा शेयर कारोबार निम्न बमोजिम रहेको छ ।

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | शेयर संख्या |
|---|---|---|---|---|---|
| ८३७.५ | ६६२ | ७४७ | ५२ | १११४२४ | ४७८८ |

५. **समस्या तथा चुनौती :**

**समस्या :**

सम्पूर्ण क्षेत्रमा छाएको मन्दीका कारण संस्थाका सदस्यहरु र ऋणीहरुले समयमा वचत, कर्जाको किस्ता भुक्तानी नियमित गर्न सकिरहेका छैनन् । हाल देखिएको दोहोरोपना, बहु बैंकिङ, तरलता संकट, बैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध कर्जाको व्याजदरमा उच्च बृद्धिका कारण लागतमा बृद्धि आदि वित्तीय संस्थाको समस्या तथा चूनौतीहरु हुन् ।

६. **संस्थागत सुशासन :**

संस्थागत प्रशासन, संस्था विकासको मेरुदण्ड भएकोले यसलाई मार्गदर्शनको रुपमा लिई संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र सम्बन्धी ऐन २०६३ , आयकर ऐन २०५८ तथा श्रम ऐन २०७४ पालना गरिएको छ। आवश्यकता अनुसार विभिन्न नीति, निर्देशिका तथा कार्यविधीहरु निर्माण गरी सोको कार्यान्वयन गदै आइरहेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म संस्थाको तर्फबाट उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।